Downloaded From : http://cbseportal.com/

This Question Paper consists of 31 questions and 8 printed pages.
यस प्रश्न-पत्रमा 31 प्रश्न र 8 मुद्रित पृष्ठ छ।

Roll No.
अनुक्रमांक

**Code No.** **59/S/O/N**
**कोड नं०**

**Set / सेट** **A**

# NEPALI
# नेपाली
# (231)

Day and Date of Examination ......................................................................
(परीक्षाको दिन अनि दिनाङ्क)

Signature of Invigilators 1. ......................................................................
(निरीक्षकहरूको हस्ताक्षर)

2. ......................................................................

***सामान्य अनुदेश :***

1. परीक्षार्थीले आफ्नो रोल नम्बर प्रश्न-पत्रको प्रथम पृष्ठमा लेख्नु पर्नेछ।
2. प्रश्न-पत्रको कुल पृष्ठ संख्या र कुल प्रश्न संख्या प्रश्न-पत्रको प्रथम पृष्ठको माथिल्लो कुनामा लेखिएको छ। प्रश्न-पत्रको पृष्ठ संख्या पूरा छ या छैन जाँच्नको निम्ति कृपया त्यस संख्यासँग दाजेर हेर्नोस्। प्रश्न अनुवर्ती क्रममा छ/छैन त्यो पनि जाँच्न आवश्यक छ।
3. वस्तुनिष्ठ प्रश्नहरूका दिइएको चार विकल्पहरू (A), (B), (C) अथवा (D) देखि कुनै एउटामा दिइएको उत्तर-पुस्तिकामा चिह्नित गर्नोस्।
4. वस्तुनिष्ठ प्रश्नहरूसँग सबै प्रश्नहरूका उत्तर निर्धारित समयमा लेख्नु पर्नेछ अनि वस्तुनिष्ठ प्रश्नहरूका उत्तरलाई कुनै अतिरिक्त समय-सीमा निश्चित छैन।
5. उत्तर-पुस्तिकामा परिचयको कुनै चिह्न बनाइएको अथवा निर्दिष्ट स्थान वाहेक अन्य कुनै पनि ठाउँमा रोल नम्बर लेखिएको पाइए, परीक्षार्थीलाई अयोग्य ठहराइन्छ।
6. उत्तर-पुस्तिकामा आफ्नो प्रश्न-पत्रको कोड नं. 59/S/O/N, सेट A लेख्नुहोस्।



Downloaded From : http://cbseportal.com/ Courtesy : NIOS

Downloaded From : http://cbseportal.com/

# NEPALI
## नेपाली
## (231)

समय : 3 घण्टा ]  [ पूर्णाङ्क : 100

**निर्देश :** (i) **सबै** प्रश्नको उत्तर अनिवार्य छ।

(ii) सबै प्रश्नहरू ध्यानपूर्वक पढ्नुहोस् अनि उत्तर दिनुहोस्।

(iii) प्रश्नोत्तर सम्बन्धी दिइएका विकल्पमध्ये सर्वाधिक उपयुक्त उत्तर-पुस्तिकामा चिह्नित गर्नुहोस्।

तलका प्रश्नहरूका चार विकल्पहरू-माझ सही विकल्पलाई उत्तर-पुस्तिकामा चिह्नित गर्नु पर्नेछ : 1×6=6

**1.** 'भक्तमाला' कवितामा विषयहरूको आशय हो

(A) विषयवस्तु  (B) सांसारिक सुख

(C) भावनाहरू  (D) मानिसहरू

**2.** 'गोरखाली जाति' कविता कुन शैलीमा रचित हो?

(A) गजल  (B) भजन

(C) गद्य कविता  (D) अतुकान्त

**3.** 'आमा' कविता कुन महाकाव्यबाट निकालिएको हो?

(A) जन्मभूमि  (B) शकुन्तला

(C) आमा  (D) मुनामदन

**4.** कविता सृजनलागि कविलाई हुनुपर्छ

(A) अनुभवी  (B) आलसी

(C) धनवान  (D) परिपक्व र अनुभवी



Downloaded From : http://cbseportal.com/  Courtesy : NIOS

Downloaded From : http://cbseportal.com/

**5.** 'उत्तरतिर कंस करायो' कवितामा 'कंस'-को प्रतीकार्थ हो

(A) कृष्णको मामा

(B) देवकीको भाई

(C) चीन

(D) प्रतापी

**6.** 'कोइली कागको पुत्र हुन्छ सानू छँदातक' कुन कविताको अंश हो?

(A) आमा

(B) कलमवीर

(C) कवि र कविता

(D) गरीब

**7.** तलका प्रश्नहरूको उत्तर सङ्क्षेपमा लेख्नुहोस् : 1×5=5

(क) 'सिकारुप्रति' कवितामा 'सिकारु' भनेको के हो?

(ख) कवि पुष्पलाल उपाध्यायको काव्य-सङ्कलनको नाम लेख्नुहोस्।

(ग) 'एउटा चिट्ठी परेवालाई' कवितामा प्रयुक्त 'हिटलर' कसको प्रतीक हो?

(घ) 'जैतुनका हाँगा'-को आशय स्पष्ट गर्नुहोस्।

(ङ) कविताको निम्ति आवश्यक तत्त्व के हो?

**8.** निम्नलिखित कुनै **एक** पद्यांशको सप्रसङ्ग व्याख्या गर्नुहोस् : 5

(क) बडो दुर्लभ जानोस भारतभूमिको जन्म जनले
सहज मिल्छन् ठाकुर हरिभजिलिया शुद्ध मनले

(ख) अर्कैको भाषा पहिरन सबैको मन पर्ने
आफ्नो दुःखी जातिको कहिले कल्याण होला।।



Downloaded From : http://cbseportal.com/ Courtesy : NIOS

Downloaded From : http://cbseportal.com/

**9.** निम्नलिखित कुनै **तीन** प्रश्नहरूको उत्तर *25* शब्दभित्र लेख्नुहोस् : 3×3=9

(क) भानुभक्तको साहित्यिक परिचय प्रस्तुत गर्नुहोस्।

(ख) 'एउटा चिट्ठी परेवालाई'-को भाव-सौन्दर्य लेख्नुहोस्।

(ग) 'शहीदहरूको सम्झनामा' कविताका शिक्षणीय बुँदाहरू उल्लेख गर्नुहोस्।

(घ) 'उत्तरतिर कंस करायो' कविताको मुख्य संवेदना लेख्नुहोस्।

तलका प्रश्नहरूको चार विकल्पहरूमध्ये सर्वाधिक उपयुक्त उत्तर आफ्नो उत्तर-पुस्तिकामा लेख्नुहोस् : 1×6=6

**10.** सुभद्रा रमणी थिइन

(A) पतिपरायणा

(B) पतिपरित्यक्ता

(C) पत्नी

(D) रणचण्डी

**11.** लेखक-अनुसार एकजना सेठजीको भुँडीमा पाइन्छ

(A) उसिनेको झार-पात

(B) घिउ र गुलियो

(C) माछा

(D) रातो बगड़ा

**12.** सन् 1924-मा सगरमाथा पुग्ने पर्वतारोहीहरूका नेता थिए

(A) जर्ज हर्बट

(B) एल० म्यालरी

(C) सी० जी० ब्रूस

(D) आर्बिड

**13.** मानिसको पुर्ख्यौली कसरी किट्न सकिन्छ?

(A) उचाइबाट

(B) रगतबाट

(C) बोलचालबाट

(D) आँखाका बनावटबाट



Downloaded From : http://cbseportal.com/ Courtesy : NIOS

Downloaded From : http://cbseportal.com/

**14.** "ए बाबु, तपाईं कता हिँडेको?" कसले सोध्यो?

(A) सिपाहीले (B) लेखकले

(C) अपरिचित मानिसले (D) देवीरमणले

**15.** "परजन्मका निम्ति सञ्चय गरिएको महान् आत्माको अमूल्य जीवनमा रक्तस्रोत।" कसको कथन हो?

(A) शेली (B) आर्नल्ड

(C) मिल्टन (D) वर्ड्सवर्थ

तलका प्रश्नहरूको सङ्क्षेपमा उत्तर दिनुहोस् : 1×7=7

**16.** दृश्यकाव्य के हो?

**17.** शब्द-शक्ति कति प्रकारका हुन्?

**18.** सार लेख्दा अनुच्छेदको कति भाग हुर्नुपर्छ?

**19.** 'पद्मा' कथामा देवीरमणको छोरोको नाम के हो?

**20.** 'शब्द-चयन' केलाई भनिन्छ?

**21.** सुभद्राले किन घर छोडिन्?

**22.** 'नासो' कथामा कसमाथि व्यङ्ग्य प्रहार भएको छ?



Downloaded From : http://cbseportal.com/ Courtesy : NIOS

Downloaded From : http://cbseportal.com/

**23.** निम्नलिखित कुनै **एक** गद्यांशको सप्रसङ्ग व्याख्या गर्नुहोस् : 5

(क) आज उही कुरा सम्झिन्, मनमनले भनिन्, हो। यो आकाशमा बसेर केही दिन पुण्य भोग गर्ने देवताका झै म पनि आज सल्ल बगे। यिनीहरू पुण्य समाप्त भएपछि स्वर्गबाट, चिप्लेर खस्छन्, हाम्रो भोक, प्यास, दुख, पीरले निस्तेज तथा ढलमल भएर पृथ्वीको पृथ्वीमै खस्छौ।

(ख) स्यालको शिकारमा जाँदा बाघ मार्ने हतियार बोकेर हिँडनुपर्छ भन्ने शिक्षा शिकारकै आधारमा जीविका चलाउने हाम्रा पूर्वजबाट पाइल्याएको हुनाले खल्तीबाट चिन्हा निकालेर गुरुज्यूका सामु राखे तर, उनी एक डेग चलेनन्।

**24.** निम्नलिखित कुनै **चारवटा** प्रश्नको उत्तर लेख्नुहोस् : 3×4=12

(क) 'सिपाही' कथाको आधारमा सैनिक जीवनको मार्मिक कथा लेख्नुहोस्।

(ख) 'मेरो एउटा नागाहुकी' कथाको खास कुराबारे विचार गर्नुहोस्।

(ग) अनौपचारिक पत्रको स्वरूप पार्नुहोस्।

(घ) 'जीवन र साहित्य'-को भाषा-शैलीबारे सङ्क्षिप्त टिप्पणी लेख्नुहोस्।

(ङ) 'त्रिकोण' एकाङ्कीको सुखवीरका चरित्र-चित्रण गर्नुहोस्।

(च) 'पद्मा' कथाको संवादका विशेषताहरू उल्लेख गर्नुहोस्।

**25.** निम्नलिखित कुनै **एक** प्रश्नको उत्तर लगभग *50–60* शब्दभित्र लेख्नुहोस् : 5

(क) 'मृगतृष्णा'-को भाव-सौन्दर्य र पात्र-चित्रण प्रस्तुत गर्नुहोस्।

(ख) 'जीवन र साहित्य' पाठका कुनै पाँचवटा शिक्षणीय बुँदाहरू लेख्नुहोस्।

**26.** तलका अवतरणको सङ्क्षेपीकरण गर्नुहोस् : 5

परिश्रम एउटा यस्तो साधना हो जसद्वारा मानिसले महान कार्य गर्न सक्छ। परिश्रमी मानिसले संसारमा के गर्न सक्तैन? ऊ पहाडको चुचुरामा चढ्न सक्छ, अत्यन्त तातो मरुभूमि पार गर्न सक्छ, कठिनाइहरूसित सङ्घर्ष गर्न सक्छ औ अत्यन्त कठिन परिस्थितिहरूसित सङ्घर्ष गर्दै त्यसलाई आफ्नो जीवन-अनुरूप बनाउन सक्छ। जुन व्यक्तिमा परिश्रमको गुण छ, पुरुषार्थको प्रवृत्ति छ, ऊ आफ्नो जीवनमा दुख औ निराशाबाट कहिल्यै भयभीत हुँदैन।



Downloaded From : http://cbseportal.com/ Courtesy : NIOS

Downloaded From : http://cbseportal.com/

**27.** निम्नलिखित पद्यांश ध्यानपूर्वक पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् : 2+2+1=5

अति कठिन भए छ यो जिन्दगी
मनबिच उनको पऱ्यो खुल्दुली
पिर सब मनको कहाँ पोखुँनि
भनिकन अब आइ मन्दाकिनी

(क) जीवन अत्यंत कठिन किन हो?

(ख) मानसिक स्थितिबारे उल्लेख गर्नुहोस्।

(ग) 'मन्दाकिनी'-को अर्थ लेख्नुहोस्।

**28.** निर्देशानुसार उत्तर दिनुहोस् : 1×10=10

(क) सन्धि विच्छेद गर्नुहोस् :

निस्सहाय; गवेषणा।

(ख) समासको नाम लेख्नुहोस् :

नीलकमल; छोरा-छोरी।

(ग) प्रत्यय चिह्नित गर्नुहोस् :

उत्तम; शक्तिमान।

(घ) उपसर्ग चिह्नित गर्नुहोस् :

अपेक्षा; अनुमान।

(ङ) विपरीतार्थक शब्द लेख्नुहोस् :

उत्कर्ष; मान।

(च) 'पेट कालो हुनु' वाग्धाराको अर्थ के हो?

(छ) 'अचल–अचला' समध्वनिमूलक शब्दका अर्थ स्पष्ट गर्नुहोस्।



Downloaded From : http://cbseportal.com/ Courtesy : NIOS

**Downloaded From : http://cbseportal.com/**

(ज) सार शब्द लेख्नुहोस्—थोरै खाने मान्छे (व्यक्ति)।

(झ) 'बुद्धि'-का दुइ पर्यायवाची शब्द लेख्नुहोस्।

(ञ) अनुरोध र प्रार्थना-माझ हुन पार्थक्य स्पष्ट गर्नुहोस्।

**29.** निम्नलिखित कुनै **एक** उद्धरणको भावविस्तार गर्नुहोस् : 5

(क) सत्यमेव जयते

(ख) इमान भनेको लाख हो धन भनेको खाक हो

**30.** भाइको विवाहमा आफ्ना मित्रलाई एउटा निमन्त्रणा-पत्र लेख्नुहोस्। 5

**अथवा**

आफ्नो सहरको उचित बिजुली सप्लाई निम्ति सम्बन्धित अधिकारीलाई एउटा पत्र लेख्नुहोस्।

**31.** निम्नलिखित कुनै **एक** विषयमाथि लगभग *200* शब्दभित्र निबन्ध लेख्नुहोस् : 10

(क) सोशल मीडियाको लाभ र हानि

(ख) पर्यावरण प्रदूषण: रोकथामको उपाय

(ग) मेरो प्रिय कथालेखक

(घ) भ्रष्टाचार उन्मूलनको आवश्यकता

★ ★ ★



**Downloaded From : http://cbseportal.com/** **Courtesy : NIOS**